दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३८ | अंक ०५ | बुटवल | २०८२ पौष १५ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday December 30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# स्वदेशी उद्यमशीलताबाटै समृद्धि सम्भव

**नीतिगत अस्थिरता र भएका नीति र कानुनको कार्यान्वयनमा कमजोरी उद्यमशिलताको विकासमा मुख्य बाधक रहेको सरोकारवालाले औंल्याएका छन् ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

समृद्ध नेपाली अर्थतन्त्रको आधार स्वदेशी उद्यमशीलताको विस्तार नै भएको निष्कर्षका साथ रूपन्देही उद्योग संघले १६औं औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवको अवसरमा सोमबार 'समृद्ध नेपालको आधारः स्वदेशी उद्यमशीलताको विस्तार- समस्या र समाधान' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा अर्थशास्त्री, नीति निर्माता, निजी क्षेत्रका प्रतिनिधि, उद्योगी, व्यवसायी तथा सरोकारवालाहरूले नेपालको वर्तमान अर्थतन्त्र राजनीतिक अस्थिरता, नीतिगत अन्योल, कमजोर प्रशासनिक संरचना र स्वदेशी उत्पादनप्रति राज्यको उदासीनताका कारण गम्भीर संकटतर्फ धकेलिएको निष्कर्ष निकालेका छन् ।

अर्थविद डा. केशव आचार्यले अर्थतन्त्र बाहिर चम्किलो, भित्र कमजोर रहेको बताए । अर्थविद् आचार्यले नेपालको अर्थतन्त्रलाई 'कस्तुरीको नाभीजस्तै' भएको संज्ञा दिँदै बाहिर सूचक राम्रो देखिए पनि भित्री अर्थतन्त्र कमजोर बनेको विषयमा सरोकारवालाको ध्यान जानुपर्ने जनाए । उनका अनुसार केही वर्ष आयात-निर्यात सामान्य देखिए पनि उत्पादन, रोजगारी र आन्तरिक माग कमजोर अवस्थामा छ । "राजनीतिक अस्थिरताले सधैं आर्थिक वृद्धिदरमा असर गरेको इतिहास छ, जेन-जी आन्दोलनपछि त्यो अझ बढ्यो," उनले भने-"उद्यमशीलतालाई सम्मान गर्ने संस्कार नै विकास भएन, आन्दोलन हुँदा निजी क्षेत्रमाथि आक्रमण किन हुन्छ भन्ने प्रश्नमा राज्य गम्भीर हुनुपर्छ ।" डा. आचार्यले जलविद्युत्, उद्योग र उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रको आशा हुँदाहुँदै पनि दलनिकट हस्तक्षेपका कारण धेरै उद्यमी हतोत्साहित भएको बताए । "हिजो निर्यात गरिरहेका उद्योग किन धराशायी भए भन्ने विषयमा गहिरो आत्मसमीक्षा गर्नुपर्छ ।"-उनले भने । नेपाल उद्योग परिसंघका अध्यक्ष ई वीरेन्द्र पाण्डेले निजी क्षेत्रको मनोबल खस्किएको बताए । पाण्डेले उद्योग र निजी क्षेत्रको मनोबल गम्भीर रूपमा खस्किएको विषय सामान्य नभएको जनाए । उनले भने-"निजी क्षेत्रलाई हेर्ने समग्र समाजको दृष्टिकोण नै सकारात्मक छैन, राजनीतिक अस्थिरता बढ्दा मुख्य दोषी निजी क्षेत्रजस्तो व्यवहार गरिन्छ ।" ब्याजदर घटे पनि कर्जा माग नबढ्नुको कारण माग नै कमजोर भएको उनको भनाइ थियो । "स्वदेशी उत्पादन प्रवर्द्धनकै लागि प्रदर्शनी गरिएको हो, 'मेड इन नेपाल' अभियानलाई अब प्रभावकारी बनाउँदै लैजानुपर्छ ।"-उनले भने ।

राष्ट्र बैंककी कामु गर्भनर डा. निलम ढंगानाले कार्यक्रमको नारालाई अर्थपूर्ण र समय सान्दर्भिक भएको बताउँदै राजनीतिक प्रभावले अर्थतन्त्रमा असर पार्ने कुरा स्वाभाविक भएको उल्लेख गरिन् । उनले भनि-"परिसूचक राम्रा छन्, विदेशी विनिमय सन्तुलन ठीक छ, मुद्रास्फीति भारतभन्दा कम छ, तर राजस्व र खर्च उत्साहजनक छैन ।" ब्याजदर न्यूनतम भए पनि बैंकमा रकम थुप्रिएको र कर्जा माग नआएको अवस्था रहेको उनको भनाइ थियो । डा. ढुंगानाले नकारात्मक पक्ष मात्रै चर्चामा आएको र राम्रा पक्ष ओझेलमा परेको बताइन् । "पर्यटन राम्रै छ, वैदेशिक रोजगारीले रेमिट्यान्स टिकाएको छ, जलविद्युत् उत्पादन बढ्दैछ, तर यी दीर्घकालीन समाधान होइनन् ।"-उनले भनिन् । उनका अनुसार बजेटभन्दा बढी अर्थनीतिमा सुधार आवश्यक छ ।

"आर्थिक इकोसिस्टम सुधार, उद्योग र कृषि उपजको संरक्षण, सीमित वस्तुमा लक्षित संरक्षण नीति, धार्मिक पर्यटन ब्राण्डिङ र डिमाण्ड क्रियसन अहिलेको आवश्यकता हो ।"-उनले भनिन् ।

लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्ली अर्यालले प्रदेश सरकारले तथ्यमा आधारित प्राथमिक योजना बनाएको बताए । "कृषि, पर्यटन र उद्योगलाई प्राथमिकता दिएर बजेट बनाइएको छ," उनले भने-"तर प्रदेशको दायरा सीमित छ, केन्द्र सरकारमा निर्भरता बढी छ ।" उनले निजी क्षेत्रसँग सहकार्य गर्दै अनुसन्धानमूलक कार्यक्रम अघि बढाउनुपर्ने र संघीय संरचनाप्रति रहेको वितृष्णा कम गर्नुपर्नेमा जोड दिए ।

यो अन्तरसंवादमा सहभागीले नीतिसँगै भएका नीतिको कार्यान्वयन पनि कमजोर रहेको जनाएका छन् । कार्यक्रममा सहभागी उद्यमी, व्यवसायी र विज्ञहरूले भाषणभन्दा कार्यान्वयन कमजोर भएको गुनासो गरे ।

बुटवल छाडेर पाल्पामा गएर उद्यम सञ्चालन गरेका समुन्द्र घिमिरेले गाउँ फर्क अभियान, रैथाने उत्पादनको ब्राण्डिङ र धार्मिक पर्यटन पुनर्जीवनको आवश्यकताबारे औंल्याए । उद्योग वाणिज्य संघ लुम्बिनीका उपाध्यक्ष कुलप्रसाद न्यौपानेले स्वदेशी उत्पादन प्रयोगको कठोर नीति नआएकोमा सरकार र उपभोक्ता दुवै दोषी रहेको बताए । उद्योगी निश्चल खनालले सरकारी कार्यालयमै स्वदेशी उत्पादनलाई बेवास्ता गरिने व्यवहारप्रति प्रश्न उठाए ।

उद्यमी मञ्जु भुसालले निर्माण व्यवसायीले भुक्तानी र धरौटी रकम नपाएर ठूलो संकट भोगिरहेको बताइन् । नेपाल चेम्बर अफ कमर्शका लुम्बिनी अध्यक्ष टंक पोखरेलले सरकार फेरिँदा योजना फेरिने प्रवृत्तिले निजी क्षेत्र हैरान भएको बताए । उद्योगी बालाराम भट्टराईले नीतिगत कमजोरीकै कारण रोजगारी र राजस्व दुवै गुम्ने अवस्था सिर्जना भएको चेतावनी दिए ।

यो अन्तरसंवादले निराशा होइन, नीति र समन्वयको खाँचो रहेको निष्कर्ष निकालेको संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले जनाए । कार्यक्रममा सहभागी सबैले स्वदेशी उत्पादन, उद्यमशीलताको सम्मान, स्थिर नीति, अन्तरनिकायगत समन्वय र कार्यान्वयनमुखी दृष्टिकोण बिना समृद्धि सम्भव नरहेको विषयमा जोड दिएको महासचिव सुमन बस्यालले जानकारी दिए । यी विषयले स्वदेशी उद्यमशीलताको भविष्यबारे गम्भीर बहसको खाका कोरेको आयोजकको भनाइ छ ।

## लुकेका अपराध बाहिर ल्याउन मिडियाको सहयोग : आइजीपी



बुटवल । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी र सञ्चारकर्मीबिचको सम्बन्धलाई नङ र मासुको रूपमा चित्रित गरेका छन् । उनले लुकेका अपराध बाहिर ल्याउन सञ्चार क्षेत्रले निर्वाह गरेको भूमिका महत्वपूर्ण भएको बताउँदै उक्त सम्बन्धलाई नङ र मासुसँग तुलना गरेका हुन् ।

सोमबार लुम्बिनी प्रेस क्लबद्वारा लुम्बिनीमा आयोजित तेस्रो लुम्बिनी न्यूज फेस्टिवलको समापन समारोह तथा क्लबको ११औं स्थापना दिवसको कार्यक्रममा बोल्दै महानिरीक्षक कार्कीले समाजलाई भयरहित वातावरण बनाई नागरिकलाई सहज जीवनयापन गर्न पाउने अवस्था सिर्जना गर्न सञ्चार क्षेत्रको भूमिका उल्लेख्य रहेको जनाए ।

उनले खोज पत्रकारितामार्फत् लुकेका कैयौं अपराध बाहिर ल्याउन सञ्चारकर्मीले सहयोग पुयाइरहेको बताए । कहिलेकाहीँ घटनास्थलमा प्रहरीभन्दा पहिले सञ्चारकर्मी पुगेर अपराधमा संलग्नलाई पक्राउ गर्ने आधार र प्रमाण पाउँदा अनुसन्धानमा पनि सहयोग पुगेको उनले जनाए ।

'अफवाह, मिथ्या र भ्रामक सूचना चिर्न पत्रकारले तथ्यमा आधारित, सन्तुलित र जिम्मेवार समाचार दिएर नागरिकमा चेतनाको स्तर बढाउनुपर्छ ।'-उनले भने । लुम्बिनी प्रेस क्लबको ११औं स्थापना दिवसका अवसरमा आयोजित हेरिटेज वाकको पनि महानिरीक्षक कार्कीले शुभारम्भ गरेका थिए । पर्सा चोकदेखि हेरिटेज वाक गर्दै टोली बेबी बुद्धमा पुगेर समापन गरिएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मा, प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्य, लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक प्रमुख कल्पना हरिजन, लुम्बिनी विकास कोषका सदस्य-सचिव दीपक श्रेष्ठ, प्रेस काउन्सिलका सदस्य नकुल अर्याल, क्लबका अध्यक्ष कमल रायमाझी, उपाध्यक्ष तथा कार्यक्रम संयोजक दीपेन्द्र बडुवाल, क्लबका संस्थापक अध्यक्ष माधव ढुंगाना, सिक्किम प्रेस क्लबका अध्यक्ष भीम राउत, महाराजगंज प्रेस क्लबका अध्यक्ष अमित त्रिपाठी, प्रेस क्लबका महासचिव प्रकाश न्यौपानेलगायतले बोल्दै सञ्चार क्षेत्रको भूमिका अहम् रहेकाले विश्वसनीयता र तथ्यमा ध्यान दिन आग्रह गरे । तीन दिने न्यूज फेस्टिवलमा नेपाल र भारतका पत्रकार, उद्योगी, पर्यटन व्यवसायी, भिक्षु र लामा गुरु, जनप्रतिनिधिलगायत सहभागी थिए ।

## पूर्व गृहमन्त्री लेखकले दिए बयान



बुटवल । जेनजी आन्दोलनताका गृहमन्त्री रहेका कांग्रेस नेता रमेश लेखकले २३ भदौमा भएको जेनजी आन्दोलनको क्रममा भएको मानवीय क्षतिको पीडाबोधले पदबाट राजीनामा दिएको बताएका छन् ।

जेनजी आन्दोलनको क्रममा राज्यबाट भएको दमनको छानबिन गर्न गठित उच्चस्तरीय छानबिन आयोगमा बयान दिएर फर्किएपछि सञ्चारकर्मीसँग कुरा गर्दै तत्कालीन गृहमन्त्री लेखकले यस्तो बताएका हुन् ।

'जेनजी पुस्ताले गरेको शान्तिपूर्ण आन्दोलनमा पूर्वनियोजित रूपमा घुसपैठ भएपछि हिंसात्मक बन्न पुग्यो । त्यसक्रममा थुप्रै मानवीय हतहती हुन पुग्यो । त्यो सुनेपछि असैह्य पीडा भयो । त्यही पीडाबोधका कारण मैले पदीय नैतिकताका आधारमा राजीनामा दिएको हुँ ।'- उनले भने ।

आन्दोलनमा मानवीय हतहती भएकै दिन २३ भदौमै आफूले राजीनामा दिएको भन्दै उनले २४ गते मुलुकमा विध्वंश मच्चाइँदा आफू गृहमन्त्रीमा नरहेको बताए ।

'मैले मान्छे मार भनेर आदेश दिन सक्छु ? त्यस्तो गलत कर्म मबाट हुन्छ ? हुँदैन,' उनले भने-'आयोग त के सबैभन्दा ठूलो आयोग जनताको बिचमा उभिएर स्पष्टसँग भन्दैछु, २३ भदौमा हृदयविदारक घटना भएपछि पदीय नैतिकताको आधारमा त्यसै दिन गृहमन्त्रीबाट राजीनामा दिएको हुँ ।'

आयोगले लेखकसँग थप बयान लिने भएको छ । सोमबार बयान सुरु भएको केही घण्टामा लेखकले 'पार्टीको बैठक छ' भनेर निस्किएका थिए । त्यसपछि नेपाली कांग्रेसको संसदीय दलको कार्यालयमा पत्रकार सम्मेलन गरी आयोगमा पेश गरेको भनाइको लिखित कपी बाँडेका थिए ।आयोगले उनीसँग बयान बाँकी रहेको भन्दै बुधबारदेखि त्यसलाई निरन्तरता दिने योजना बनाएको हो ।

आयोगसँग कैयौं प्रश्नहरू बाँकी रहेका र पेश भएको जवाफका आधारमा अरु प्रश्न आउन सक्ने भएकाले बयान नसकिएको आयोगले जनाएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाल र पूर्व प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले 'गृहमन्त्रालयको नेतृत्वको समन्वयमा काम गरेको' भनेर दिएको अभिव्यक्तिमा जाँचबुझ आयोगले लेखकमाथि सोधपुछ र थप जिरह गर्न बाँकी रहेको स्रोतले बतायो ।

आफ्नो भनाइ टाइप गर्ने सहयोगीका साथ आयोगमा पुगेका लेखकले केही प्रश्नहरुको भने जवाफ दिएका थिए । लेखकसँगको बयान सकिएपछि आयोगले पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीलाई पत्र पठाउने तयारी गरेको छ ।

## गाडीका अनावश्यक लाइट निकाल्दै ट्राफिक प्रहरी



**मोहम्मद हबिब**
*भैरहवा*

तराईमा बढ्दो शितलहर र हुस्सुलाई मध्यनजर गर्दै ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरणका लागि विभिन्न अभियानहरु चलाएको छ । ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन र सवारी दुर्घटना न्यूनीकरण गर्नका लागि चालकसँग तीन मिनेट ट्राफिक प्रहरी, अनावश्यक लाइट हटाउने, अन द स्पट कारबाहीलगायतका अभियान रुपन्देही ट्राफिक प्रहरीले गर्दै आएको छ । यसै सन्दर्भमा ट्राफिक प्रहरीले हुलाकी राजमार्ग अन्तगर्त पर्ने विभिन्न सडक खण्डहरुमा सवारीसाधनमा अनावश्यक लाइट बत्तीहरु जडान गर्नेलाई अन द स्पट हटाउने, जरिवाना गर्ने र सम्झाइ बुझाइ गर्ने कार्य गरेको छ ।

कार्यालयका प्रहरी वरिष्ठ सहायक निरीक्षक ज्ञानेन्द्र कार्कीले ओभर लाइटले विपरीत दिशाबाट आउने सवारीसाधनका चालकलाई अवरोधगरी दुर्घटना हुने जोखिम बढी हुने भएकोले सोको रोकथामका लागि अभियान चलाएको बताए ।

नियमित काम र अभियानसँगै कार्यालयले बढ्दो हुस्सु र रातिको बेला भिजीविलीटी कम भएकाले सडक दुर्घटना न्यूनीकरण गर्न र बढी दुर्घटना हुने स्थानको पहिचान गरी न्यूनीकरणका उपाय, पार्किङ् तथा ठेला व्यवस्थापन, इ-रिक्सा व्यवस्थापन, ट्राफिक सचेतना र लाग कामलाई पनि निरन्तरता दिँदै आएको कार्यालयले जनाएको छ ।

यस्तै कार्यालयले बढी आवागमन हुने र सडक दुर्घटनाबाट बढी जोखिम भएको क्षेत्रको पहिचान गरि सडकमै चालकसँग ३ मिनेट ट्राफिक प्रहरी' भन्ने ट्राफिक सचेतना कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । सडक तथा राजमार्गमा खटिएका ट्राफिक प्रहरीले दुई पाँग्रे सवारी चालकलाई रोक्न लगाएर बाक्लो हुस्सु, कुहिरो र शीतलहर चलेको बेलामा कसरी सुरक्षित ढंगले सवारी चलाउने भन्ने बारेमा प्रशिक्षण हुने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रतिमा कार्कीले बताइन । अभियानहरु जिल्ला ट्राफिक प्रहरी कार्यालय र मातहतमा रहेका मंगलापुर, धकधई, बेथरी, लुम्बिनी, सालझण्डी, छपियाले पनि सञ्चालन भएको छ ।


## जनहितमा जारी सन्देश

**शीतलहरबाट हुने जोखिम न्यूनीकरण गर्न सुनवल नगरपालिकाको अनुरोध**

१. शितलहरको समयमा उद्धारमा खटिने प्रहरी, सडकमा काम गर्ने श्रमिकहरुले नियमित रुपमा फ्लोरोसेन्ट ज्याकेटको प्रयोग गरौं ।
२. शितलहरको समयमा पैदल यात्रु, मोटरसाईकल तथा साईकल यात्रुले यात्राको क्रममा अनिवार्य फ्लोरोसेन्ट ज्याकेटको प्रयोग गरौं ।
३. जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं।
४. शीतलहरको समयमा घर बाहिर तथा खुल्ला स्थानमा धेरै समय नविताऔं ।
५. शरीरको सबै भाग ढाक्ने गरी सफा, बाक्लो र न्यानो लुगा लगाऔं।
६. सुत्दा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने कपडा प्रयोग गरौं, छाती तथा टाउको अनिवार्य रूपमा ढाकौ ।
७. चिसोको समयमा आगो तापेर वा विद्युतीय उपकरण प्रयोग गरी शरीरलाई न्यानो राखौं। खासगरी, छाती र टाउकोलाई चिसो बाट जोगाऔं ।
८. वेलाबेलामा तातो पानी, पोषिलो तातो झोल पदार्थ प्रशस्त मात्रामा पिउने गरौ ।
९.चिसो मौसममा इन्फ्ल्युएन्जा, निमोनिया लगायतका संक्रमण बढी हुने हुँदा स्वास्थ्य सुरक्षाको लागि विशेष ध्यान दिउँ ।
१०. वालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरूको हेरचाहमा विशेष ध्यान दिउँ ।
११. ज्वरो आए, झाडापखाला लागे, दम बढे, खोकी लागे, घ्यारघ्यार भए, सास फेर्न कठिन हुने आदि लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सम्पर्क गरौं।
१२. घरेलु पशुपन्छीलाई सकेसम्म खुल्ला स्थानमा नराखौं तथा चराउन नलैजाऔं । गोठ भित्र राखेर पर्याप्त घाँस, पराल र दाना दिऔं । गोठ अथवा टहरालाई सफा र न्यानो गराऔं।
१३.चिसोका कारण पशुपन्छी बिरामी भएमा नजिकैको पशु चिकित्सालय, स्थानीय तहको पशु सेवा शाखा वा उपयुक्त पशु चिकित्सकसँग सम्पर्क गरी आवश्यक चेकजाँच र औषधोपचार गरौं।
१४.कोठाभित्र आगो बालेर तातो पार्दा वा तातो बनाउने हिटर जस्ता विद्युतीय उपकरणहरू प्रयोग गर्दा झ्याल ढोका खुला राखी पर्याप्त अक्सिजन आवतजावत हुने कुरा सुनिश्चित गरौं। आगो वा विद्युतीय सामग्री लामो समय प्रयोग नगरौं ।
१५.सुत्नु अघि अनिवार्यरूपमा आगो निभाएर तथा विद्युतीय हिटर आदि अफ गरौं ।
१६.शीतलहरको समयमा हुस्सु वा कुहिरो लागेको अवधिमा सवारी साधन चलाउँदा गति सीमित गरौं। अनिवार्यरूपमा फग लाईट बालेर चलाऔं । आवश्यक परे हेडलाइट बालौ र हर्न समेत बजाऔं ।
१७. चिसो वा भिजेको कपडा नलगाउँ ।

**शेषकान्त पौडेल**
प्रमुख प्रशासकिय अधिकृत

**विमला अर्याल**
नगर प्रमुख

**सुनवल नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# अबको मिशन शिक्षित प्रदेश

लुम्बिनी प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको छ।

लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुको औषत साक्षरता ९६ दशमलव १६ प्रतिशत छ। नेपाल साक्षर वर्ष–२०७६ को अवधारणा अनुसार, १५ देखि ६० वर्ष उमेर समुहका कम्तिमा ९५ प्रतिशत नागरिक साक्षर भएको सुनिश्चित भएपछि वडा, स्थानीय तह, जिल्ला र प्रदेशलाई क्रमशः साक्षर घोषणा गर्ने नीतिअनुसार लुम्बिनी प्रदेशलाई साक्षर घोषणा गरिएको छ। प्रदेशलाई साक्षर घोषणा गर्नुअघि वडा, स्थानीय तह, जिल्लालाई साक्षर घोषणा गरिसकिएको छ।

राष्ट्रिय जनगणना–२०७८ अनुसार, लुम्बिनी प्रदेशको जनसंख्या ५१ लाख २२ हजार ७८ रहेको छ। यो जनसंख्याको कुल ९६ प्रतिशत जनसंख्या साक्षर हुनु भनेको लुम्बिनी प्रदेशको उज्यालो भविष्यको संकेत हो। लुम्बिनी प्रदेशमा तराई, हिमाल र पहाडका गरी १२ जिल्ला छन्। तीमध्ये गुल्मीको सबैभन्दा कम साक्षरता प्रतिशत ९६ र पाल्पाको सबैभन्दा बढी साक्षरता प्रतिशत ९९ दशमलव ५३ रहेको छ।

दीगो विकास लक्ष्य–२०३० अनुसार, सबैका लागि समावेशी, सहभागितामूलक र गुणस्तरीय शिक्षाको अवधारणा अघि सारिएको छ। साक्षर प्रदेश घोषणा भइसकेपछि अब शिक्षित नागरिक र शिक्षित समाज निर्माणका लागि जोड दिन आवश्यक छ। साक्षर प्रदेश भनेर मक्ख भएर बस्ने अवस्था छैन। साक्षर बनाउनु जति महत्वपूर्ण छ, घोषणा गरेर बरालिएर बस्ने छुट छैन। अब साक्षर समाजलाई थप फड्को मार्ने बनाउन मिहिनेत गर्न सरोकारवाला निकायले ध्यान नदिने हो भने अहिलेको उपलब्धि जोखिममा पर्नेछ।

लुम्बिनी प्रदेशमा ५ हजार ७ सय २२ सामुदायिक बालविकास केन्द्र, ४ हजार ४ सय ३९ सामुदायिक विद्यालय, तीन विश्वविद्यालय, एक सय ८७ क्याम्पस र ३ सय २९ सामुदायिक सिकाइ केन्द्र रहेका छन्।

ती शैक्षिक संस्थालाई साधनस्रोत सम्पन्न बनाई गुणस्तरीय शिक्षाका लागि परिचालन गर्न सक्दा राम्रो उपलब्धि हासिल हुनसक्छ। शैक्षिक संस्थामा अहिले आधारभूत रूपमा पूर्वाधारको व्यवस्थापन भएको छ। तराई, पहाड र हिमाल सबै क्षेत्रमा रहेका शैक्षिक संस्था सामान्यतया पहिले जस्तो पूर्वाधारको अभावबाट वञ्चित छैनन्। शैक्षिक संस्थामा गुणस्तरीय जनशक्तिको व्यवस्थापन महत्वपूर्ण छ।

वर्षेनी ठूलो संख्यामा युवा विदेश पलायन भएकाले अहिले नै गुणस्तरीय जनशक्ति उपलब्ध हुन समस्या भएको छ। आगामी दिनमा झनै समस्या आउन सक्ने भएकाले गुणस्तरीय जनशक्ति उपलब्ध हुने वातावरण तयार गर्नुपर्छ। लुम्बिनी प्रदेशमा अझै पनि ४२ हजार बालबालिका विद्यालय बाहिर छन्। विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा आउने वातावरण नबनाएसम्म शिक्षित प्रदेशको सपना कार्यान्वयन गर्न जटिल हुनेछ।

# मरुभूमिको पसिना र सिंहदरबारको कूटनीति



**गणेश अम्गाई**

*राज्यले अब यो क्षेत्रलाई केवल 'रेमिट्यान्सको मुहान' का रूपमा हेरेर आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । यहाँको अस्थिरताले हाम्रो राष्ट्रिय भान्सा प्रभावित हुन्छ भन्ने सत्यलाई आत्मसात् गर्दै नेपालले एक 'प्रो-एक्टिभ' र नागरिक-केन्द्रित कूटनीति अपनाउनु पर्छ । ४० लाख नेपालीका आँखामा रहेको आशा र भरोसालाई मर्न नदिनु नै नेपाल सरकारको सबैभन्दा ठूलो सफलता हुनेछ। यदि हामीले समयमै आफ्ना कूटनीतिक संयन्त्रहरूलाई आधुनिक बनाउने, लगानी भित्र्याउने र श्रमको सम्मान गर्ने नीति लिने हो भने मध्य पूर्व नेपालको समुन्नतिको सबैभन्दा बलियो आधार बन्नेछ।*

आधुनिक विश्व व्यवस्थामा भूगोलले देशहरूलाई टाढा बनाए पनि आर्थिक र सामरिक स्वार्थले उनीहरूलाई एकै ठाउँमा उभाएको हुन्छ। नेपाल र मध्य पूर्व क्षेत्रबिचको सम्बन्ध यसको ज्वलन्त उदाहरण हो। ऐतिहासिक रूपमा धर्म र संस्कृतिका माध्यमबाट जोडिएको यो सम्बन्ध अहिले श्रम, विप्रेषण र ऊर्जा सुरक्षाको बलियो आधारमा उभिएको छ। नेपालका लागि यो क्षेत्र केवल बालुवा र तेलको भण्डार मात्र होइन, बरु नेपाली अर्थतन्त्रको मेरुदण्ड र लाखौ नेपाली युवाहरूको पसिना, सपना र भविष्य जोडिएको पवित्र भूमि हो।

तर, पछिल्लो समय यस क्षेत्रमा भइरहेका शक्ति सन्तुलनका तीव्र फेरबदल, इजरायल-हमास युद्ध, सिरियाको दशकौ पछिको सत्ता परिवर्तन र इरान-साउदी अरब बीचको जटिल शीतयुद्धले नेपाललाई आफ्नो परम्परागत र 'पर्ख र हेर' को कूटनीति पुनरावलोकन गर्न बाध्य पारेको छ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा करिब एक तिहाइ योगदान पुर्‍याउने विप्रेषणको मुख्य स्रोत यही क्षेत्र रहेकाले यहाँको सानो हलचलले पनि नेपालको सिंहदरबारदेखि दुर्गम गाउँका झुपडीसम्म प्रत्यक्ष प्रभाव पार्छ। ४० लाखभन्दा बढी नेपालीको रगत र पसिनाले नेपालको विदेशी मुद्रा सञ्चिति धानेको यथार्थलाई राज्यले अब हल्का रूपमा लिनु हुँदैन। बदलिदो भू-राजनीतिक परिवेशमा नेपालले यो क्षेत्रसँग कसरी कूटनीतिक पहलकदमी बढाउने र आफ्ना नागरिकको अभिभावकत्व ग्रहण गर्ने भन्ने विषय अब केवल परराष्ट्र नीतिको बुँदा मात्र होइन, यो राष्ट्रिय सुरक्षा र सार्वभौम समृद्धिको अभिन्न अङ्ग बनिसकेको छ।

**नेपालको आर्थिक स्थिरता र श्रम कूटनीतिको अपरिहार्यता**

नेपालको अर्थतन्त्रका लागि मध्य पूर्व 'लाइफलाइन' हो। कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत र बहराइन जस्ता देशहरूमा नेपाली श्रमिकहरूले मरुभूमिलाई हरियाली बनाउन र आधुनिक सहर ठड्याउन ठूलो मूल्य चुकाएका छन्। नेपालमा भित्रिने कुल रेमिट्यान्सको ७० प्रतिशत भन्दा बढी हिस्सा यही क्षेत्रबाट आउँछ, जसले नेपाललाई ठूला आर्थिक संकटहरूबाट जोगाउँदै आएको छ। तर, अबको कूटनीति केवल 'सस्तो श्रम पठाउने' एजेन्सीका रूपमा मात्र सीमित हुनु देशका लागि आत्मघाती हुनेछ। यी देशहरूले अहिले आफ्नो अर्थतन्त्रलाई तेलमा आधारितबाट ज्ञान र प्रविधिमा आधारित मोडेलमा द्रुत गतिमा रूपान्तरण गर्दैछन्।

साउदी अरबको 'भिजन २०३०' र कतारको 'नेसनल भिजन' ले अब सामान्य मजदुर होइन, उच्च दक्ष प्राविधिक, इन्जिनियर र सेवा क्षेत्रका विज्ञहरूको माग गरिरहेका छन्। नेपाल सरकारले आफ्ना श्रमिकहरूलाई अदक्ष कामदारका रूपमा मात्र पठाउने दशकौ पुरानो ढर्रालाई त्यागेर स्वदेशमै अन्तर्राष्ट्रिय स्तरको तालिम केन्द्र स्थापना गरी उच्च दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ। यसका लागि ती देशका सरकारहरूसँग 'जी-टू-जी' (सरकार-सरकार) सम्झौतालाई पुनरावलोकन गरी श्रमिकको कार्यस्थल सुरक्षा, सम्मानजनक पारिश्रमिक, स्वास्थ्य उपचार र बिमाको पूर्ण ग्यारेन्टी गर्नु नेपालको पहिलो प्राथमिकता हुनुपर्छ। जबसम्म राज्यले मरुभूमिमा पसिना बगाउने नेपालीलाई 'विदेशी मुद्रा फलाउने मेसिन' मात्र नभई 'राष्ट्रिय गौरव' का रूपमा व्यवहार गर्दैन, तबसम्म हाम्रो श्रम कूटनीति सफल हुन सक्दैन।

**क्षेत्रीय द्वन्द्व र नेपाली नागरिकको सुरक्षा चुनौती**

मध्य पूर्व क्षेत्र ऐतिहासिक रूपमै अस्थिरता र द्वन्द्वको चपेटामा रहँदै आएको छ। सिरियाको लामो गृहयुद्ध, यमनको मानवीय संकट र इजरायल-प्यालेस्टाइन बीचको दशकौ लामो द्वन्द्वले त्यहाँ रहेका नेपालीहरूको सुरक्षामा सधै गम्भीर प्रश्न खडा गर्ने गरेको छ। हालैको गाजा युद्धको चपेटामा परी विपीन जोशी जस्ता होनहार युवा निर्दोष नेपाली विद्यार्थीहरूले ज्यान गुमाउनु नेपालको कूटनीतिक उपस्थिति र संकटकालीन उद्धार क्षमता कति कमजोर छ भन्ने तितो यथार्थलाई छताछुल्ल पारेको छ। यस्तो संवेदनशील क्षेत्रमा नेपालले अब 'टालटुले' नीति होइन, एक स्थायी र शक्तिशाली 'संकट व्यवस्थापन संयन्त्र' निर्माण गर्न ढिला गर्नु हुँदैन।

हाम्रा दूतावासहरूलाई केवल राहदानी नवीकरण गर्ने अड्डाका रूपमा मात्र होइन, सुरक्षा र उद्धारको भरपर्दो केन्द्रका रूपमा स्रोत-साधन सम्पन्न बनाउनुपर्छ। विशेषगरी इरान र इजरायल बीचको बढ्दो तनावले क्षेत्रीय युद्धको खतरा बढाइरहँदा नेपालले आफ्ना नागरिकको तत्काल उद्धारका लागि 'आकस्मिक योजना' र बजेट पहिले नै तयार राख्नुपर्छ। द्वन्द्वग्रस्त क्षेत्रमा रहेका नेपालीहरूको डिजिटल तथ्याङ्क अद्यावधिक गर्ने र जोखिम बढ्नासाथ उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने क्षमता विकास गर्नु नै आजको प्रमुख आवश्यकता हो। द्वन्द्वको समयमा केवल शोक वक्तव्य निकालेर र 'पर्ख र हेर' को नीति लिएर हाम्रा नागरिकको ज्यान जोगिन सक्दैन। राज्यले आफ्ना नागरिकलाई मरुभूमिको तातो हावामा एक्लो छोड्नु हुँदैन, उनीहरूलाई आभास हुनुपर्छ कि संकटको समयमा उनीहरूको पछाडि एउटा बलियो देश उभिएको छ।

**ऊर्जा कूटनीति र वैदेशिक लगानीको खोजी**

मध्य पूर्वका देशहरू अहिले विश्वकै सबैभन्दा शक्तिशाली लगानीकर्ताका रूपमा उदाएका छन्। कतार इन्भेस्टमेन्ट अथोरिटी र साउदी सार्वजनिक लगानी कोषसँग रहेका अर्बौं डलरका 'सोभरेन वेल्थ फण्ड' ले अहिले युरोप र अमेरिकाका ठूला उद्योगहरू किनिरहेका छन्। नेपालका लागि यो पुँजी र प्रविधि भित्र्याउने एक सुनौलो र ऐतिहासिक अवसर हो। नेपालको जलविद्युत, धार्मिक पर्यटन र पूर्वाधारमा यी देशहरूको ठूलो लगानी भित्र्याउन सरकारले विशेष कूटनीतिक 'सेल' गठन गर्नुपर्छ। नेपालले 'दोहोरो कर मुक्ति सम्झौता' र 'लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता' लाई केवल कागजमा सीमित नराखी कार्यान्वयनमा तीव्रता दिनुपर्छ।

यति मात्र होइन, नेपालले आफ्नो ऊर्जा सुरक्षाका लागि पनि यी देशहरूसँग रणनीतिक सम्झौता गर्न सक्छ। हामीले हाम्रो प्रचुर जलविद्युत् क्षमतालाई अन्तर्राष्ट्रिय बजारमा बेच्ने र उताबाट पेट्रोलियम पदार्थ सहुलियत दरमा आयात गर्ने 'ऊर्जा विनिमय'को नवीन सम्भावना खोजी गर्नुपर्छ। खाडी देशहरूले आफ्नो खाद्य सुरक्षाका लागि सुरक्षित बजार खोजिरहेका छन्, जहाँ नेपालले अर्गानिक कृषि उत्पादन निर्यात गरेर व्यापार घाटा कम गर्न सक्छ। यसरी कूटनीतिलाई केवल 'दुःख बेच्ने' माध्यममा मात्र सीमित नगरी, लगानी, व्यापार र समृद्धिको बहुआयामिक साझेदारीमा फैलाउनु पर्छ।

**बहुध्रुवीय विश्व र सन्तुलित कूटनीतिक अवस्थिति**

मध्य पूर्व अहिले विश्व शक्ति राष्ट्रहरूको नयाँ कुरुक्षेत्र बनेको छ। अमेरिकाको परम्परागत प्रभाव बिस्तारै घट्दै जाँदा चीनले मध्यस्थकर्ताको रूपमा इरान र साउदी अरबलाई नजिक ल्याउनु र रुसले आफ्नो उपस्थिति बलियो बनाउनुले विश्व राजनीति बहुध्रुवीय भएको स्पष्ट पार्छ। यस्तो जटिल अवस्थामा नेपालले अत्यन्तै परिपक्व र सतर्कतापूर्ण कूटनीति अपनाउनुपर्छ। हामीले कुनै पनि शक्ति केन्द्रको पक्ष वा विपक्षमा नलागी 'पञ्चशील' को सिद्धान्त र 'असंलग्न परराष्ट्र नीति' लाई आफ्नो मूल मन्त्र बनाउनुपर्छ। इजरायलसँगको हाम्रो ऐतिहासिक सम्बन्ध र अरब देशहरूसँगको गहिरो आर्थिक सम्बन्धबिच सन्तुलन कायम राख्नु नै नेपालको कूटनीतिक सफलता हुनेछ।

प्यालेस्टाइनको न्यायपूर्ण स्वतन्त्रता र मानवीय अधिकारको पक्षमा विश्व मञ्चमा आवाज उठाउँदै गर्दा इजरायलसँगको आधुनिक कृषि प्रविधि र सुरक्षा सहकार्यलाई पनि उत्तिकै महत्वका साथ अघि बढाउनु चुनौतीपूर्ण छ। नेपालले यस क्षेत्रका बहुपक्षीय मञ्चहरूमा आफ्नो उपस्थिति सशक्त बनाउनुपर्छ। शक्ति राष्ट्रहरूको स्वार्थको टकरावमा नेपालले कसैको गोटी नबनी आफ्नो राष्ट्रिय हित र नागरिकको सुरक्षालाई सर्वोपरि राख्नुपर्छ। हाम्रो कूटनीति अब 'प्रतिक्रियात्मक' बाट 'प्रभावकारी' हुनुपर्छ, जसले विश्व समुदायलाई यो सन्देश दियोस् कि नेपाल आफ्नो भू-राजनीतिक स्वार्थमा स्पष्ट र अडिग छ।

**कूटनीतिक सुधारका लागि भविष्यको मार्गचित्र**

नेपालले यस क्षेत्रमा आफ्नो प्रभाव बढाउन अब रणनीतिक परिवर्तन गर्नै पर्छ। नेपालका राष्ट्र प्रमुख वा सरकार प्रमुखले केवल औपचारिक भोजका लागि मात्र होइन, ठोस आर्थिक र श्रम सम्झौताका लागि खाडी मुलुकहरूको नियमित भ्रमण गरी राजनीतिक तहको संवादलाई सघन बनाउनु पर्छ। वैदेशिक रोजगार बोर्डले खाडी मुलुकको आगामी दशकको बजार माग अध्ययन गरी 'Skill Mapping' गर्ने र प्रत्येक श्रमिकलाई अनिवार्य प्राविधिक सीप दिएर मात्र पठाउने नीति लिनु पर्छ। मध्य पूर्वका लगानीकर्ताहरूका लागि नेपालमा 'फास्ट ट्र्याक' सेवा र खाडीका कोषहरूलाई जलविद्युतमा साझेदार बनाउन विशेष कानुनी सहजता प्रदान गर्नु आजको आवश्यकता हो। यसका साथै, प्रत्येक नेपाली श्रमिकको विवरण डिजिटल डाटाबेसमा राख्ने 'डिजिटल दूतावास' को अवधारणा कार्यान्वयन गरी संकटको समयमा २४ घण्टा सहायता उपलब्ध गराउनु पर्छ। श्रममा मात्र नभई विश्वविद्यालयहरूबिच सहकार्य र सांस्कृतिक आदानप्रदान मार्फत नेपाललाई एक सम्मानित रणनीतिक साझेदारका रूपमा स्थापित गर्न सांस्कृतिक कूटनीतिलाई तीव्रता दिनु पर्छ।

अन्त्यमा, मध्य पूर्व क्षेत्र नेपालका लागि आर्थिक समृद्धिको ढोका मात्र होइन, यो हाम्रो परराष्ट्र नीतिको वास्तविक अग्निपरीक्षा लिने थलो पनि हो। यहाँको तातो बालुवामा बगेको नेपालीको पसिनाले नेपालको अर्थतन्त्रलाई शीतलता प्रदान गरिरहेको छ। राज्यले अब यो क्षेत्रलाई केवल 'रेमिट्यान्सको मुहान' का रूपमा हेरेर आफ्नो दायित्वबाट पन्छिन मिल्दैन। यहाँको अस्थिरताले हाम्रो राष्ट्रिय भान्सा प्रभावित हुन्छ भन्ने सत्यलाई आत्मसात् गर्दै नेपालले एक 'प्रो-एक्टिभ' र नागरिक-केन्द्रित कूटनीति अपनाउनु पर्छ। ४० लाख नेपालीका आँखामा रहेको आशा र भरोसालाई मर्न नदिनु नै नेपाल सरकारको सबैभन्दा ठूलो सफलता हुनेछ। यदि हामीले समयमै आफ्ना कूटनीतिक संयन्त्रहरूलाई आधुनिक बनाउने, लगानी भित्र्याउने र श्रमको सम्मान गर्ने नीति लिने हो भने मध्य पूर्व नेपालको समुन्नतिको सबैभन्दा बलियो आधार बन्नेछ। भू-राजनीतिको यो कठिन यात्रामा नेपालले आफ्नो आत्मविश्वास र कूटनीतिक चातुर्यता देखाएर विश्व मञ्चमा आफ्नो छुट्टै पहिचान बनाउनै पर्छ। देश सञ्चारबाट

# चिसो मौसममा देखापर्ने दश स्वास्थ्य समस्या र जोगिने उपाय

**भोजराज पोखेल**

देशभरका अधिकांश स्थानमा मौसममा आएको फेरबदलसंगै चिसो बढेको छ। तराई तथा मधेश क्षेत्रमा बिहान बेलुकाको हुस्सुको कारणले चिसो अति नै बढेको छ। चिसोको कारणले मानिसमा धेरै स्वास्थ्य समस्याहरु देखा पर्दछन्। जाडोमा अन्य मौसममा भन्दा बालबालिका, वृद्धवृद्धाहरु र दीर्घ रोगीहरुलाई बढी स्वास्थ्य समस्या हुने गर्दछ। त्यसकारण अहिलेको समयलाई बढी मात्रामा सावधानी सहित ध्यान दिएर आफ्नै दैनिकी चलाउनु बुद्धिमानी मानिन्छ।

**चिसो मौसममा देखापर्न सक्ने स्वास्थ्य समस्याहरु**

१. **रुघाखोकी** :

चिसो मौसममा शरीरमा भाइरस बढी सक्रिय हुने भएकाले रुघाखोकी लाग्ने सम्भावना बढी हुन्छ। यस्तोमा रुघाखोकी सहित एलर्जी पनि हुन सक्दछ।

रुघाखोकीबाट बच्न चिसोबाट बच्नु नै सबैभन्दा ठुलो उपाय हो। बाहिर निस्कदा मास्क लगाएर निस्कनु पर्दछ। साधारण रुघाखोकी भएमा घरमै उपचार गर्न सकिन्छ।

तर नाकबाट पहेलो सिंगान आउने, नाक बन्द हुने घाँटीमा समस्या देखिने वा कानमा समेत समस्या भएमा निकै सावधानी अपनाउनु पर्दछ। चिसो मौसममा बालबालिका र वृद्धवृद्धालाई बढी ध्यान दिनु पर्छ।

२. **श्वासप्रश्वास** :

चिसो बढेसंगै कतिपय मानिसहरुमा श्वासप्रश्वास संम्बन्धी रोग लाग्ने गर्दछ।

यसको सबैभन्दा छिटो प्रभाव बिरामी वृद्धवृद्धा साना बालबालिका तथा सुत्केरी महिलामा पर्न जान्छ। श्वासप्रश्वास संम्बन्धी रोग लाग्नुको प्रमुख कारण प्रदूषण धुम्रपानसंगै चिसो मुख्य कारण हो। श्वासप्रश्वाससम्बन्धी रोगहरुमा दम ब्रोङकाईटिस र निमोनिया लगायतका समस्या हुन सक्दछ।

श्वासप्रश्वाससम्बन्धी रोगहरुबाट बच्न सम्भव भएसम्म धूलो धूवाँ तथा प्रदूषणबाट टाढा बस्नु पर्दछ। बाहिर निस्कदा अनिवार्य मास्कको प्रयोग गर्नु पर्दछ। धुम्रपान तथा चुल्होको धूवाँ तथा प्रदूषणबाट अनिवार्य बच्नु पर्दछ।

३. **हाईपोथर्मीया** :

शरीरमा तापक्रमको मात्रा कमी हुनुलाई हाईपोथर्मीया भनिन्छ। यो समस्या आउँदा शरीर काप्ने, दिमाग सुस्त हुने मानिसको समवेदना कम हुने गर्दछ। हाईपोथर्मीयाको मात्रा बढे मानिस बेहोस हुने र बेहोसमै अस्वाभाविक व्यवहार देखाउने गर्दछन्। हाईपोथर्मीया बढेमा मुटुको धड्कन नै रोकिने र बिरामीको ज्यानै जान सक्नेसम्म हुन पनि सक्दछ।

हाईपोथर्मीया हुँदा सामान्यभन्दा बढी न्यानो लुगा लगाउनु पर्दछ। सकेसम्म तत्काल न्यानो स्थानमा बस्ने र शरीरलाई तातो बनाउनु पर्दछ। समस्या बढेमा अस्पताल जानुपर्दछ।

४. **फ्लु** :

एन्फ्लुएन्जा भाइरसबाट लाग्ने सरुवा रोगलाई फ्लु भनिन्छ। विशेष मनसुनको कारण मौसम वा जाडो महिनाको सुरुवातमा मौसमी फ्लु हुने गर्दछ। संक्रमित व्यक्तिले खोक्दा हाँछ्यु गर्दा अर्को व्यक्तिमा फ्लुको संक्रमण सर्ने गर्दछ।

फ्लुबाट बच्न सकेसम्म सार्वजनिक स्थलमा नजानु नै महत्वपूर्ण पक्ष हुन्छ। संक्रमित व्यक्तिसँग नजिक नहुने बाहिरबाट आएपछि साबुन पानीले राम्ररी हात खुट्टा मुख धुने गर्नुपर्छ। संक्रमित व्यक्तिले हाँछ्यु गर्दा मुख छोपेर मात्र गर्नु पर्दछ। फ्लुको शंका लागेमा तत्काल स्वास्थ्य परीक्षण गराउनुपर्छ।

५. **हिउँले खानु** :

जाडो मौसममा हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा हिउँ पर्छ। यस्तोमा त्यस भागमा रहने वा बाहिरबाट घुम्न जानेहरुलाई हिउँले खाने समस्या हुन सक्छ। लामो समयसम्म हिउँ वा चिसो पानीको सम्पर्कमा रहे पनि यो समस्या हुन सक्छ।

हिउँले खाने समस्याबाट बच्न शरीरको कुनै पनि अंगलाई हिउँ वा चिसो पानी नछुनु नै पहिलो उपचार हो। विशेषगरी हात खुट्टा औंलाहरु अनुहार नाक कान आदीलाई चिसोबाट बचाउनुपर्छ। असावधानीका कारण हिउँले धेरै खाएको भए त्यस भागलाई शल्यक्रिया गरी फाल्नुपर्ने अवस्था पनि आउन सक्छ।

६. **हृदयघात र मुटुरोग** :

चिसो मौसममा देखापर्न सक्ने अर्को जटिल समस्या भनेको हृदयघात र मुटु रोग हो। मुटुमा रक्त प्रवाह अचानक बन्द भएमा हृदयघात हुने गर्छ। यस्तो भएमा मुटुमा असर पर्ने र असर परेको भागले काम गर्न छाड्नेसम्मको समस्या आउन सक्छ। हृदयघातबाट बच्न चिसोबाट बच्नु पर्दछ। यसका साथै तौल कम गर्ने, बढी चिल्लो, बोसो वा मसलादार खाना नखाने। चिसो मौसममा शरीर कम मात्रामा सक्रिय राख्ने वा नियमित केही समय शारीरिक व्यायाम गर्नु पर्छ।

७. **कार्बनमोनोअक्साईड पोईजनिङ** :

चिसो मौसममा केही मानिसहरु घरका सबै झ्याल ढोका बन्द गरेर आगो ताप्ने गर्दछन्। यसरी कतैबाट हावा नछिर्ने गरी कोठा बन्द गरेर आगो वा हिटर ताप्दा कोठामा कार्बनमोनोअक्साईडको मात्रा बढ्न जान्छ। यसले पोईजनको रुपमा शरीरमा प्रवेश गर्दछ। र, मानिसको मृत्यु पनि सक्छ।

कार्बनमोनोअक्साईड पोईजनिङबाट बच्न कोठाभित्र आगो वा हिटर ताप्दा कोठाको कुनै एक भाग खुल्ला राख्नुपर्छ। केहीबेर आगो वा हिटर तापेपछि कोठा बाहिर जाने र अन्य काममा सक्रिय हुनुपर्छ।

८. **जोर्नीको दुखाई** :

चिसो मौसममा देखापर्ने मुख्य समस्यामध्ये जोर्नीको दुखाई पनि एक हो। विशेषत वृद्ध मानिसलाई देखापर्ने यो समस्या जाडो बढेसँगै सुरु हुने गर्छ। बाहिरी तापमान घटबढ हुँदा जोर्नीको नशा समेत खुम्चिने गर्दछन्। रगतमा पनि तापक्रम घट्छ। जसका कारण जोर्नीहरु कडा हुने र दुख्ने गर्छन्। चिसो मौसममा जोर्नीको दुखाई बाट बच्न शरीरमा एक समानको तापमान बनाई राख्नु पर्दछ। कतिपय मानिसहरु शरीरको माथिल्लो भागअर्थात् जिउमा न्यानो लुगा लगाए पनि खुट्टामा भने साधारण पाइन्ट सारी वा पातलो लुगा मात्र लगाउने गर्दछन्। तर शरीरको तल्लो भागमा पनि न्यानो हुने गरी टाउजर वा पर्याप्त तातो हुने कपडा लगाउने गर्नु पर्दछ।

९. **सुख्खा छाला** :

चिसो मौसम लागेसंगै हाम्रो शरीरका छालामा सुख्खापन बढ्ने गर्दछ। किनकी चिसो मौसम छालाका लागि अनुकुल समय होइन। बाहिरी वातावरण शरीरको तापक्रम भन्दा कम हुँदा शरीरको ताप वातावरणले तान्न थाल्छ र छाला सुख्खा हुने गर्दछ।

छालामा सुख्खापना आउन नदिन जाडो मौसममा पर्याप्त न्यानो लुगा लगाउनुपर्छ शरीरलाई ढाकेर न्यानो बनाउने र तातो तथा झोलिलो खानेकुरामा ध्यान दिनुपछ। कुनै पनि ज्याकेट वा ऊनिको स्विटर लगाँउदा शरीरमा टाँसिने कपडा सुतिको हुनुपर्दछ। यदि छाला धेरै सुख्खा भए मोईस्चराइजर क्रिम लगाउनुपर्छ।

१०. **नोरोभाईरस वा विन्टर डाईरिया** :

जाडो मौसममा नोरो भाईरसको सक्रियताका कारण केही मानिसमा बान्ता हुने तथा झाडापखाला लाग्ने गर्छ, जसलाई विन्टर डायरिया भनिन्छ। संक्रमित व्यक्तिको संसर्गबाट सर्ने विन्टर डाईरिया संक्रमित खाना, वस्तु वा सतह छुँदा पनि सहजै सर्न सक्छ। विन्टर डाईरियाबाट बच्न खाना पकाउँदा साबुन पानीले राम्ररी हात धुने संक्रमित व्यक्तिको संसर्गमा नआउने, एक अर्काका कपडा वा सामान प्रयोग नगर्ने। संक्रमित व्यक्तिको बान्ता वा दिशा पिसाब, पन्जा र मास्कको प्रगोग गरेर व्यवस्थापन गर्ने। साथै चिसोबाट बच्न समग्र रुपमा आरामको साथमा व्यायाम पनि गर्नुहोस्, यसले अवश्य स्वास्थ्यमा सकारात्मक सुधार आउने छ।

यसको साथै घरेलु उपचार बेसार, नुन, लसुन, अदुवा, जिरा, तुलसीको पात, सुकमेल, टिमुर, गुर्जो, मरिच, ज्वानोको पानी पकाएर पिउनुहोस्। तातो पानीमा कागती मिसाएर पनि पिउन सकिन्छ। यसले रुघा खोकी कम गर्छ।

नियमित रुपमा फलफुल, झोलिलो खानेकुरा साबीक भन्दा बढी खाने गर्नुपर्छ। तपाईंले यी कुरामा ध्यान दिनुभयो भने तपाईं चिसो मौसममा हुन सक्ने यस किसिमको समस्याबाट सजिलै जोगिन सक्नु हुन्छ। यदि यी कुरा अपनाई रहँदा पनि थप समस्या आएमा तुरुन्त चिकित्सकको थप परामर्श लिनुपर्छ।

स्वास्थ्य खबरबाट

# न्युज फेस्टिवलको १५ बुँदे लुम्बिनी घोषणापत्र



भैरहवा । लुम्बिनी प्रेस क्लब, रुपन्देहीको आयोजनामा बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित तीन दिवसीय तेस्रो लुम्बिनी न्युज फेस्टिवल १५ बुँदे लुम्बिनी घोषणा पत्र-२०८२ जारी गर्दै सम्पन्न भएको छ । पुस १२ गतेदेखि सुरु फेस्टिवल सोमबार घोषणा पत्र जारी गर्दै सम्पन्न भएको क्लबका उपाध्यक्ष तथा कार्यक्रम संयोजक दीपेन्द्र बडुवालले जानकारी दिए ।

घोषणा पत्रमा मोफसलको पत्रकारितालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसको केन्द्रमा स्थापित गर्न लुम्बिनी न्यूज फेस्टिवललाई नियमित र दिगो प्लेटफर्मका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यस्तै, तथ्यमा आधारित, जिम्मेवार र सकारात्मक पत्रकारितामार्फत् नेपाल-भारत सीमापार सम्बन्धलाई सुदृढ बनाउने विषयमा सञ्चारकर्मीको भूमिका अझ प्रभावकारी बनाउने, लुम्बिनी, कपिलवस्तु र आसपासका क्षेत्रमा हुने तथ्यविहीन, अपुष्ट र नकारात्मक प्रचारप्रति सचेत रहँदै सत्य र सन्तुलित समाचार प्रवाहलाई प्राथमिकता दिने, बुद्ध जन्मस्थल लुम्बिनीलाई धार्मिक तीर्थस्थल मात्र नभई दक्षिण एसियासँगै विश्वभरकै महत्वपूर्ण पर्यटन, सांस्कृतिक र संवाद केन्द्रका रूपमा प्रवर्द्धन गर्न सञ्चार माध्यमले सक्रिय भूमिका खेल्ने, लुम्बिनीको पर्यटन प्रवर्द्धन, लगानी आकर्षण र आर्थिक विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार, लुम्बिनी विकास कोष, निजी क्षेत्र र सञ्चार क्षेत्रबिच सहकार्य अपरिहार्य गर्नेछन् ।

यस्तै, लुम्बिनी गुरुयोजना समयमै सम्पन्न गर्न सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न पत्रकारिताको निगरानी भूमिकालाई सशक्त बनाउने, सीमावर्ती क्षेत्रका साझा समस्या, अवसर र सहकार्यका सम्भावनालाई पत्रकारितामार्फत् सन्तुलित र गहिरो ढंगले उठाउने विषयलाई प्राथमिकतामा राख्ने, मोफसलमा आधारित खोज, विश्लेषण र नीतिगत पत्रकारितालाई प्रोत्साहन गर्न तालिम, अध्ययन, अन्तरक्रिया र सहकार्य कार्यक्रम विस्तार गर्न जोड दिने, प्रेस स्वतन्त्रताको संरक्षण, पत्रकारको सुरक्षा र पेशागत मर्यादाको सम्मान सुनिश्चित गर्न राज्य र सम्बन्धित निकायको ध्यानाकर्षण गराउने, पत्रकारितामा प्रश्न गर्ने साहस, जिम्मेवारीबोध र जवाफदेहिताको संस्कृतिलाई बलियो बनाउन सम्पादकीय नेतृत्व र सञ्चार संस्थाले अग्रसरता लिने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यसैगरी, पर्यटन, लगानी र विकाससँग जोडिएका स्थानीय मुद्दालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन डिजिटल मिडिया र नयाँ प्रविधिको प्रभावकारी प्रयोग गर्ने, नेपाल-भारत पत्रकारबिच अनुभव आदानप्रदान, सहकार्य र संयुक्त अध्ययनलाई निरन्तरता दिन क्षेत्रीय पत्रकार सञ्जाल विस्तार गर्ने, संघीय संरचनाअनुसार प्रदेश र स्थानीय तहका नीति, योजना र कार्यान्वयन प्रक्रियामा पत्रकारिताको भूमिका अझ प्रभावकारी बनाउन पहल गर्ने, लुम्बिनी न्यूज फेस्टिवलमा उठाइएका बहस, सुझाव र निष्कर्षलाई कार्यान्वयनमा लैजान नियमित अनुगमन र संवादको संयन्त्र विकास गर्ने र तेस्रो लुम्बिनी न्यूज फेस्टिवल सफल बनाउन सह-आयोजक, सहकार्य गर्ने सरकारी तथा निजी क्षेत्र, नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल, सहभागी वक्ता, पत्रकार र स्थानीय समुदायप्रति धन्यवाद ज्ञापन गर्ने घोषणा पत्रमा जनाइएको छ ।

घोषणा पत्र लेखनको संयोजक लुम्बिनी प्रेस क्लबका संस्थापक अध्यक्ष माधव ढुंगानाले गरेका थिए भने यसको सदस्यहरुमा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष रामप्रसाद आचार्य, नेपाल पत्रकार महासंघ रुपन्देही शाखा सचिव सीपी खनाल र लुम्बिनी प्रेस क्लबका पूर्वअध्यक्ष दीपेश पछाई रहेका थिए ।

# उद्योग वाणिज्य महासंघ प्रदेश अध्यक्षमा कसजू र केन्द्रीय सदस्यमा अर्याल प्रस्तावित

बुटवल । बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीले नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्षमा संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजू र केन्द्रीय कार्यकारिणी सदस्यमा संघका अध्यक्ष हरिप्रसाद अर्याललाई अगाडि सारेको छ ।

संघको सोमबार बसेको कार्यसमिति बैठकले महासंघ लुम्बिनी प्रदेशको आठौं प्रदेशसभामा अध्यक्ष पदको लागि संघका निवर्तमान अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य तथा महासंघको कर, राजस्व तथा भन्सार समितिका उपसभापति समेत रहेका कसजूलाई अगाडि सार्ने निर्णय गरेको हो ।

त्यस्तैगरी संघका अध्यक्ष अर्यालले नेपाल उद्योग वाणिज्य महासंघको ६०औं वार्षिक साधारणसभा तथा महाधिवेशनमा खुल्लातर्फबाट कार्यकारिणी सदस्य पदमा उम्मेदवारी दिन निर्णय गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी गराए ।

महासंघको प्रदेश अध्यक्षका उम्मेदवार कसजू र केन्द्रीय कार्यकारिणी सदस्य पदका उम्मेदवार अर्यालले महासंघको संस्थागत विकास, नीतिगत सुधार, उद्योगी व्यवसायीहरुको हकहित, साना तथा मझौला उद्योगीलाई सम्वर्द्धन तथा प्रोत्साहन र उद्यमशिलता विकासका कार्यक्रमलाई प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गरे ।

त्यसका लागि जिल्ला नगर उद्योग वाणिज्य संघ, उद्योग व्यवसायी, नेपाल उद्योग वाणिज्य महासंघ र तीनै तहका सरकारसँग समन्वयकारी भूमिका निर्वाहन गर्ने उनहरुले बताए ।

नेपाल उद्योग वाणिज्य महासंघको ६०औं वार्षिक साधारणसभा तथा अधिवेशन आगामी चैतको २८ र २९ गतेलाई तय गरिसकेको छ भने प्रदेशको अझै मिति तय भइसकेको छैन । यद्यपी महासंघको भन्दा पहिले प्रदेशको अधिवेशन भइसक्ने उनले बताए ।

बैठकमा आगामी माघमा बुटवलमा आयोजना गरिने कृषि मेला तयारीका सम्बन्धमा हालसम्म भएका प्रगतीका बारेमा अध्यक्ष अर्यालले जानकारी गराएका थिए । त्यसैगरी बुटवल उप-महानगरपालिका वडा नं. ४ मा रहेको कान्ति माध्यमिक विद्यालयमा स्थापित 'बुटवल उद्योग वाणिज्य संघ रुपन्देही, कान्ति माध्यमिक विद्यालय अक्षयकोष'लाई वृद्धि गर्ने, बुटवल ६ मा रहेको तिलोत्तमा माध्यमिक विद्यालय र वडा नं. ४ मा रहेको लक्ष्मी माध्यमिक विद्यालयमा छात्रवृत्ति अक्षयकोष स्थापना गर्ने निर्णय गरिएको छ ।

बैठकमा संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, सचिव प्रतिक पोखरेल, सह-कोषाध्यक्ष धनकुमारी खनाललगायत कार्यसमिति सदस्यहरुले कृषि मेलालाई भव्यतापूर्वक सम्पन्न गर्न र संघबाट लुम्बिनी प्रदेश अध्यक्षमा सिफारिस निवर्तमान अध्यक्ष कसजू तथा केन्द्रीय कार्यकारिणी सदस्यमा सिफारिस अध्यक्ष अर्याललाई जिताउनका लागि कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# खोप सुदृढीकरण पैरवी बैठक



परासी । पश्चिम नवलपरासीमा नियमित खोप सुदृढीकरणका लागि निर्वाचित जनप्रतिनिधि तथा सरोकारवालाहरुसंग जिल्लास्तरीय पैरबी बैठक कार्यक्रम गरिएको छ । स्वास्थ्य कार्यालय परासीको आयोजनामा नियमित खोप सुदृढीकरणका लागि निर्वाचित जनप्रतिनिधि तथा सरोकारवालाहरुसंग जिल्लास्तरीय पैरबी बैठक कार्यक्रम गरिएको हो । नवलपरासी जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपाना घोषण तथा जिल्लामा सातवटै स्थानिय तहमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपाना घोषण भैसकेको तथा जिल्ला पनि स्वास्थ्य कार्यालय प्रमुख अंगदबहादुर शाहीले जानकारी दिए ।

उनको अनुसार जिल्ला तथा स्थानीय तहलाई नियमित खोप सुदृढीकरणका गर्न लागि निर्वाचित जनप्रतिनिधि तथा सरोकारवालाहरुसंग जिल्लास्तरीय पैरबी बैठक कार्यक्रम गरिएको बताए । सन १७९८ बाट बेलायतबाट खोप सुरुवात गरिएको हालसम्म २५ लाख बालबालिकालाई खोपबाट बचाउने काम गरेको उनले बताए ।

खोपले शरीरलाई रोगबाट लड्ने क्षमता प्रदान गरेकोले कुनै पनि बालबालिक खोपबाट वञ्चित हुनुहुन्न भन्ने मान्यताको साथ स्वास्थ्य कार्यालयले काम गरिहेको प्रमुख शाहीले बताए । कार्यक्रममा जिल्लाको खोपको अवस्थाको बारेमा स्वास्थ्य कार्यालयका खोप अधिकृत भेषराज शर्माले हरेक वर्ष पूर्ण खोप तथा दिगोपना गरिएको जानकारी गराए ।

नवलपरासीमा कुनै पनि बालबालिका खोपबाट वञ्चित नरहेको तर २ देखि ३ प्रतिशत खोप खेर गएको बताए । ३२ वटा रोगको खोप बनाएको र नेपालमा १४ वटा खोप प्रदान हुँदै आएको शर्माको भनाइ थियो । उनले जिल्लाको खोपको अवस्था प्रस्तुत गर्दै जिल्लामा सात वटा स्थानीय तहरुको खोप प्रतिशतबारे जानकारी दिए । बर्दघाट ९० प्रतिशत, रामग्राम ६६, प्रतिशत, सुनवल ७१ प्रतिशत, पाल्हीनन्दन गाउँपालिका ७४ प्रतिशत, प्रतापपुर ६३ प्रतिशत, सुस्ता गाउँपालिका ६९ प्रतिशतलागायत पालिका रहेको ती सबै पालिका पूर्णखोप सुनिश्चितता तथा दिगोपाना घोषण भइसकेको शर्माले बताए । उनले पालिकाहरुमा नियमित खोप सप्लाई सेन्टरमा व्यस्थापनमा देखिएको समस्याबारेमा पालिका प्रमुखहरु अवगत गराएका थिए ।

बर्दघाट सुनवल, रामग्राम नगरपालिका समस्या देखिएकोले यसको निकारण गर्न जरुरी रहेको उनले जनाए ।

जिल्लामा हरेका महिना १४ देखि १९ गतेसम्म खोप संचालन हुँदै आएको जानकारी दिँदै खोप अधिकृत शर्माले सात वटा स्थानीय तहमा ७६ वटा संस्थाबाट खोप दिने र खोप केन्द्र १ सय ७६ तथा खोप सेसन १ सय ८७ वटाबाट बालबालिकहरुलाई खोप प्रदान गर्दै आएको बताए ।

कार्यक्रममा सुनवल नगरपालिकाकी मेयर विमला अर्याल, बर्दघाट नगरपालिका उपमेयर रुद्रप्रकाश उपाध्यायले देखिएको समस्या सामाधान गरेर खोप सञ्चालन गर्ने बताएका थिए । कार्यक्रम जिल्ला खोप समन्वय समितिका संयोजक एवम् जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद यादवको अध्यक्षयतामा भएको थियो ।

# फल्चापरिषरमा पानी ट्यांकी

बुटवल । बुटवल-५ हाटबजारमा रहेको उजिरसिंह फल्चा (पौवा) परिषरमा पिउने पानी ट्यांकी (वाटर कुलर) संरचनाको शुभारम्भ गरिएको छ ।

कसौधन सेवा समिति रुपन्देही, बुटवलले निर्माण गरेको पानीको ट्यांकी (वाटर कुलर) संरचनाको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले सोमबार एक कार्यक्रमकाबिच शुभाम्भ गरेका हुन् ।

उनले पिउने पानी ट्ंयाकीको शुभारम्भ गर्दै स्थानीय स्तरमा आवश्यक भएको पिउने पानी ट्यांकीको संरचना निर्माण गरेर कसौधन सेवा समितिले सामाजिक उत्तरदायित्व बहन गरेको बताए । उहाँले पालिकाले सबैधर्म, संस्कृति र भाषभाषीको संरक्षण र तिनको विकासकालागि योजनाबद्ध रुपले काम गरेको बताउँदै फल्चाको संरक्षणसँगै सो परिषरमा कसौधन समुदायले पिउने पानीको ट्यांकी राखिदिएर उदाहरणीय कार्य गरेको भन्दै प्रशंसा गरे ।

समितिका अध्यक्ष राधेश्याम कसौधनको अध्यक्षतामा भएको ट्यांकीको शुभारम्भ कार्यक्रममा वडानम्बर ५ का वडाध्यक्ष हरिप्रसाद श्रेष्ठले विद्यालय, कलेजसँगै व्यापारिक प्रतिष्ठानहरु रहेको स्थानमा चिसो पिउने पानीको ट्यांकीसहितको प्लान्ट जडान गरेर सकारात्मक कार्य गरेको बताए । उनले जाडोभन्दा पनि गर्मी मौसममा ट्यांकीको पानी धेरै नै उपयोगी हुने उल्लेख गर्दै पानीकालागि लाग्ने विद्युत् खर्च वडाले व्यहोर्ने बताए ।

कार्यक्रममा कसौधन सेवा समितिका संस्थापक जवहरलाल कसौधन, संरक्षण अशोक कसौधन, महिला समितिका संस्थापक पुष्पा कसौधन, महिला समिति अध्यक्ष पूजा कसौधन, समितिका सचिव धमेन्द्र कसौधनलगायतले समाजिक कार्यअन्तरगत पानी ट्यांकीको संरचना निर्माणले समुदायमा सकारात्मक सन्देश दिएको बताएका थिए ।

कसौधन सेवा समितिले करिव ढाई लाखको लागतमा दुई सय लिटर क्षमताको पिउने पानीको ट्यांकी निर्माण गरेको छ भने सो स्थानमा २४औं घण्टा चिसो पिउने पानीको प्लान्ट (वाटर कुलर) जडान गरिएको समितिका महासचिव महादेव कसौधनले जानकारी दिए ।

# पुतलीबजारमा कपडा बैंक



स्याङ्जा । स्याङ्जाको सदरमुकामस्थित पुतलीबजार नगरपालिकामा पहिलो पटक कपडा बैंक सञ्चालनमा आएको छ । पुतलीबजार नगरपालिका-१ ट्याक्सी चोकमा कपडा बैंकको औपचारिक रुपमा सञ्चालनमा आएको हो ।

पुतलीबजार नगरपालिका-३ मा स्थापित लत्रेपिपल युवा क्लब र नगरपालिकाको सयुक्त साझेदारी र समन्वयमा कपडा बैंक सञ्चालनमा ल्याइएको छ । सामाजिक उत्तरदायित्वको भावनालाई संस्थागत रूपमा अघि बढाउने उद्देश्यले कपडा बैंकको स्थापना गरिएको क्लबका अध्यक्ष तथा कपडा बैंक कार्यक्रम संयोजक मनोज मल्लले जानकारी दिए ।

लक्षित वर्गका नागरिकलाई आवश्यक कपडा सहज र सम्मानजनक रूपमा उपलब्ध गराउने उद्देश्यसहित अभियान सुरु गरेको जनाइएको छ । कपडा बैंकलाई दीगो रूपमा सञ्चालन गर्न स्थानीय समुदायको सक्रिय सहभागिता, नियमित संकलन, पारदर्शी व्यवस्थापन र स्वयंसेवक परिचालन आवश्यक रहेको क्लबले जनाएको छ ।

घरघरमा प्रयोगमा नआएका तर प्रयोग गर्न मिल्ने कपडा, झोला, जुत्ता लगायत सामग्री सफा गरेर दान गर्न आम नागरिकलाई आग्रह गरिएको छ । कपडा बैंक संचालनमा आएसँगै गरिब तथा विपन्न परिवारका सदस्यले राहत पुग्ने पुतलीबजार नगरपालिकाका नगरप्रमुख तुलसीराम रेग्मीले बताए ।

'हुनेले दिने, नहुनेले लग्ने' अभियान स्वरुप कपडा बैंक सञ्चालन गरिएको हो । कपडा बैंकको दिगो रुपमा सञ्चालन गर्न स्थानीय सर्वसाधारणसँग हातेमालो गरिने क्लबले जनाएको छ । खासगरी गरिब परिवारलाई लक्षित गरी कपडा बैंक सञ्चालनमा ल्याएको पुतलीबजार नगरपालिको जनाएको छ ।

सुस्ता गाउँपालिकाको अनुरोध

प्रत्येक वर्ष तराई तथा भित्रि मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसो बाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

**बच्ने उपायहरु**

- बाक्लो तथा न्यानो लुगा लगाउने गरौ ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौ ।
- कोठा न्यानो पारौ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔ ।
- बालबालिका, वृद्ध वृद्धा, गर्भवती महिला तथा दिर्घ रोगीहरुलाई चिसोबाट जोगाऔ ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा छाती घ्यार घ्यार भएमा वा खास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौ ।
- सुत्ने कोठामा आगो, हिटर कोईला बाली झ्याल ढोका बन्द गरेर सुनु हुदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- धुम्रपान तथा मदपानको सेवन नगरौ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौ ।
- अत्यावश्यक काम बाहेक राती र सधैरै (बिहान) को समयमा बाहिर हिलडुल नगरौ ।

याद राखौ छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौ र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔ ।

अनुरोधक :
सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल

सरावल गाउँपालिकाको अनुरोध

प्रत्येक वर्ष तराई तथा भित्रि मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसो बाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

**बच्ने उपायहरु**

- बाक्लो तथा न्यानो लुगा लगाउने गरौ ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौ ।
- कोठा न्यानो पारौ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔ ।
- बालबालिका, वृद्ध वृद्धा, गर्भवती महिला तथा दिर्घ रोगीहरुलाई चिसोबाट जोगाऔ ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा छाती घ्यार घ्यार भएमा वा खास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौ ।
- सुत्ने कोठामा आगो, हिटर कोईला बाली झ्याल ढोका बन्द गरेर सुनु हुदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- धुम्रपान तथा मदपानको सेवन नगरौ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौ ।
- अत्यावश्यक काम बाहेक राती र सधैरै (बिहान) को समयमा बाहिर हिलडुल नगरौ ।

याद राखौ छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौ र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔ ।

अनुरोधक :
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# कालिकापथमा तीनदिने खाना महोत्सव



बुटवल । पर्यटन प्रवर्धन र खान परिकारको बजारीकरण गर्ने उद्देश्यसहित अंग्रेजी नयाँ वर्षको स्वागतमा बुटवलमा 'सडक खाना महोत्सव' हुने भएको छ ।

'सडकमै खाऔं, सडकमै नाचौं र सडकमै रमाऔं' भन्ने नारासहित मंगलबारदेखि होटल तथा रेस्टुरेण्ट व्यवसायी संघ, रूपन्देहीले खाना महोत्सव गर्न लागेको हो । बुटवल उप-महानगरपालिका वडा नम्बर-९ कालिकापथको बसपार्कदेखि तीनकुनेसम्म चल्ने महोत्सवको तयारी पूरा भएको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

संघका अध्यक्ष माधवकुमार खनालले यस क्षेत्रमा रहेका पर्यटकीय पूर्वाधारको प्रचार-प्रसार, प्रवर्द्धन र विकास गर्ने उद्देश्यसहित विगत ७ वर्षदेखि निरन्तर सडक खाना महोत्सव गर्दै आइरहेको बताए ।

तीन दिनसम्म सञ्चालन हुने महोत्सवमा दुई लाख दर्शक र १ करोड ५० लाख रुपैयाँ बराबरको कारोबार हुने अपेक्षा गरिएको अध्यक्ष खनालले बताए ।

'महोत्सवमा ५५ वटा स्टल रहने छन्,' अध्यक्ष खनालले भने-'थारू, नेवारी, मगरलगायत विभिन्न जातजातिका स्वादका गुणस्तरीय परिकार खान अवलोकनकर्ताले पाउने छन् । सँगै भेज र ननभेजको लागि छुट्टाछुट्टै स्थल पनि रहनेछन् । मारवाडी समुदायका शुद्ध खानाका परिकार पनि महोत्सवमा हुने छन् ।'

कार्यक्रमले पर्यटन प्रवर्द्धन, बजार चलायमान र कालिकापथलाई उज्यालो शहरका रूपमा विकास गर्दै रात्रिकालीन व्यवसायमा टेवा पुऱ्याउने अपेक्षा लिइएको खनालको भनाइ छ ।

सँगै महोत्सवबाट बुटवलमा सञ्चालनमा रहेका लुम्बिनी केबलकार, सिद्धार्थ केबलकार, बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रदर्शनीस्थल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललगायतका आन्तरिक र बाह्य पर्यटकको आगमनमा उल्लेखनीय हुने संघको धारणा छ । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति रहने छ ।

संघका पर्यटन उपाध्यक्ष रोमकान्त पाण्डेले लोक तथा दोहोरी गायक प्रकाश सपुत, पुस्कल शर्मा, खुमन अधिकारी, हास्य कलाकार माइला बा, पुर्खे बा, उज्ज्वल गिरीलगायतका कलाकारको प्रस्तुति समेत रहने बताए । महोत्सव साँझ ६ बजेदेखि राति १२ बजेसम्म चल्नेछ ।

गत वर्ष सिद्धेश्वरी माविको खेल मैदानमा सञ्चालन भएको महोत्सव यो पटक कालिकापथमा गर्न लागिएको हो ।

दर्शकलाई सहज सेवाका लागि घुम्ती शौचालय, सहज पार्किङ, सुरक्षाका लागि सीसीटीभीको निगरानी, चुस्त सुरक्षा व्यवस्था रहेको महासचिव केशवराज कँडेलले जानकारी दिए ।

# शिवनगर सामुदायिक वनमा जैविक मल बनाउने तालिम




बुटवल । शिवनगर सामुदायिक वन उपभोक्ता समूहका १० उपभोक्तालाई दुई हप्ते जैविक मल बनाउने तालिम सुरु गरिएको छ ।

तालिम शुभारम्भ अवसरमा बोल्दै सामुदायिक वन उपभोक्ता महासंघ, रूपन्देहीका अध्यक्ष श्यामकला आचार्यले विपन्न नागरिकको जीवनस्तर सुधारका लागि छनौट गरी तालिममा सहभागी बनाइएको बताइन् ।

उनले वनलाई समृद्धिसँग जोडेर उपयोग र संरक्षणको कार्यक्रम चलाइनुपर्ने बताइन् ।

शिवनगर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मनोज गौचनले आर्थिक अवस्था कमजोर भएका उपभोक्ता छनौट गरी तालिम दिएकाले स्वरोजगार बन्ने अवसर तालिमले दिने विश्वास लिए ।

उपभोक्ता हित संरक्षण मञ्च, रूपन्देहीका अध्यक्ष समुन्द्र जिसीले तालिम लिएपछि व्यवहारमा कार्यान्वयन गर्नसक्दा तालिमको महत्व रहने बताए ।

तालिमको प्रशिक्षकमा दिनेश क्षेत्री र लक्ष्मी भुर्तेल रहेका छन् ।

संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि संगठन, वन तथा वातावरण मन्त्रालय, सामुदायिक वन उपभोक्ता महासंघ नेपालको सहयोगमा शिवनगर सामुदायिक वन उपभोक्ता समूहमा वन तथा कृषि सहज कार्यक्रम सञ्चालन भएको छ । यही कार्यक्रमअन्तर्गत जैविक मल बनाउने तालिम सञ्चालन भएको हो ।

# अयरपानी होम स्टेमा पर्यटकको चहलपहल बढ्दै



**प्रकाश डोटेल**
*स्याङ्जा*

गाउँ भित्रने पर्यटकबाट हुने फाइदा सबै गाउँलेले समान रूपमा पाउने उद्देश्यसहित सञ्चालन गरिएको अयरपानी सामुदायिक होमस्टे आन्तरिक र बाह्य पर्यटकको रोजाइमा पर्न थालेको छ। स्याङ्जाको फेदीखोला गाउँपालिका-१ मट्टिखामा सञ्चालित होम स्टेमा पछिल्लो समय दैनिकजसो सयौंको संख्यामा पर्यटकको चहलपहल बढ्दै गएको छ ।

स्थानीय मौलिक परिवेश, गुरुङ समुदायको कलसंस्कृति र गाउँमै उत्पादन भएका वस्तुबाट बनेका परिकार अयरपानी होम स्टेको मुख्य आकर्षण बनेको छ । २०७५ सालदेखि सञ्चालनमा आएको होम स्टेमा पुग्ने पर्यटकले अर्गानिक खानासँगै उत्तरतर्फ नजिकै देखिने माछापुच्छ्रे, धौलागिरीसहित दर्जनौं हिमश्रृंखला अवलोकन गर्न पाउने भएपछि बसाइँलाई अझै यादगार बनाउने गरेका छन् ।

गुरुङ समुदायको बाहुल्य रहेको अयरपानी बस्तीमा हालसम्म मौलिक संस्कार, संस्कृति परम्परागतमै जोगाएर राखिएको छ । परम्परागत संस्कृतिको संरक्षण र प्रवर्द्धनमा होम स्टेले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको अयरपानी होम स्टे पुगेका आन्तरिक पर्यटक बताउँछन् । कलासंस्कृतिसँगै स्थानीय परिकारले होम स्टेलाई आकर्षक बनाएको अयरपानी पुग्ने पर्यटकले अन्यत्रको होम स्टे भन्दा फरक अनुभूति पाउने गरेका छन् ।

सामूहिक भावनाबाट व्यवसाय प्रवर्द्धन गर्न होम स्टे सुरु गरिएको सञ्चालक सपना गुरुङले बताइन् । गाउँमा आउने पाहुनाबाट हुने आम्दानी अयरपानीका सबै घरधुरीले समान रूपमा पाउन भनेर होम स्टे व्यवसाय गरिएको उनको भनाइ छ । पाहुनाले स्थानीय कलासंस्कृति, खाना र आत्मियतालाई मन पराउने गरेको बताउँदै उनले भनिन्-'एक पटक अयरपानी आउने पर्यटकले अन्य पर्यटकलाई समेत आकर्षित गरेकाले दिनानुदिन पर्यटकको चहलपहल बढिरहेको छ ।'

सिद्धार्थ राजमार्गको कुभिन्डेबाट करिब सात किलोमिटरको दूरी र पोखराको छोरेपाटनबाट अयरपानी होमस्टेमा पुग्न सहजै सकिन्छ । जाडोमा बिहानै घाम लाग्ने र गर्मीमा चिसो हावा चल्ने उच्चभाग (डाँडामा) अवस्थित अयरपानी होम स्टेको प्रचारप्रसारमा खासै रकम खर्च नगरेको स्थानीय बताउँछन् । पर्यटककै रोजाइले हो मस्टे दिनप्रतिदिन फस्टाउँदै गएको उनीहरुको बुझाइ छ ।

स्थानीयको पहलमा सञ्चालित होम स्टेको थप प्रवर्द्धनका लागि सरकारी तथा गैरसरकारी निकायबाट अपेक्षाकृत सहयोग नपाएको उनीहरु बताउँछन् । देशकै नमूना सामुदायिक होम स्टे बन्ने विश्वास गरेका स्थानीयले व्यवसायसँगै पर्यटन प्रवर्द्धनको काम गर्दै आएका छन् ।

पछिल्लो समय नेपालकै पहिलो ग्रामीण सिरुबारी होम स्टे, हुनिकोट, सुन्तलाबारी, रामकोट होम स्टेमा आन्तरिक र बाह्य पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ । बजार क्षेत्रको तुलनामा शान्त र स्थानीय परिकार खान पाइने भएपछि होम स्टेहरु पर्यटकको रोजाइमा पर्ने गरेको छ । पर्यटकको संख्यामा वृद्धि भएसँगै स्थानीयको रोजगारीसँगै आम्दानीमा समेत सकारात्मक प्रभाव परेको होम स्टे सञ्चालकको अनुभव छ ।


**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया**

**डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com


# बुटवलमा जिल्लास्तरीय स्नूकर प्रतियोगिता सुरु



बुटवल । बुटवलमा सर्वाधिक राशिको रुपन्देही जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिता सुरु भएको छ । नेपाल बिलियर्डस् स्नुकर तथा पुल संघ रूपन्देही र खस्यौली स्नूकर क्लबको संयुक्त आयोजनामा नवौं संस्करणको रूपन्देही जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिता आयोजना गरिएको हो ।

सोमबार बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले प्रतियोगिताको उद्घाटन गरे । सोही अवसरमा बोल्दै उनले शिक्षा, स्वास्थ्य र खेलकुदलाई बुटवलले पहिलो प्राथमिकतामा राखेको बताए । संघको मिहेनत र लामो संघर्षले रुपन्देहीमा स्नूकर खेलले फड्को मार्न सफल भएको उनले बताए । यहाँबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका अब्बल खेलाडी उत्पादन भइसकेको बताउँदै नगरप्रमुख पाण्डेयले उपमहानगर भित्र स्नुकर खेलका लागि संरचना निर्माणका लागि आफूले सक्दो पहल गर्ने बताए । खेलकुदका माध्यमबाट समाज परिवर्तन गर्न सकिने भन्दै उनले पूर्वाधारबाहेक विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्न यसवर्ष ४ करोड बजेट बिनियोजन गरिएको जानकारी गराए । विद्यालयस्तरमा सबैभन्दा खेलकुद प्रतियोगिता बुटवलमै हुने गरेको उनको भनाइ थियो ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले यस्ता प्रतियोगिताहरुले नयाँ खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेल्लने बताए । स्नुकर खेल अन्तर्राष्ट्रियस्तरमा निकै प्रतिष्ठित भए पनि नेपालमा अझै पनि स्नूकर खेललाई समाजले हेर्ने नजर नकारात्मक रहेको भन्दै उनले यसलाई चिर्न युवाहरु एकजुट हुनुपर्ने धारणा राखे ।

संघका अध्यक्ष सुजन पुनले खेल क्षेत्रमा सक्रिय सबैको साथ सहयोग र सामूहिक प्रयासले स्नुकर खेललाई यो स्थानमा पुऱ्याउन सफल भएको बताए । खेलकुद क्षेत्रको विकास, प्रतियोगिताको निरन्तरता र खेलाडीको प्रोत्साहनमा बुटवल उपमहानगरको आर्थिक सहयोग महत्तवपूर्ण रहको उनको भनाइ थियो । अध्यक्ष पुनका अनुसार पुस २१ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा रूपन्देही जिल्लाका १२८ जना खेलाडीहरूबिच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिता सम्पन्न गर्न १५ लाख रुपैयाँ खर्च अनुमान गरिएको छ ।

प्रतियोगिताको उपाधि विजेताले नगद १ लाख रुपैयाँ तथा उप-विजेताले नगद ५० हजार रुपैयाँ कप, मेडल, प्रमाणपत्र प्राप्त गर्ने संघका महासचिव प्रकाश क्षेत्रीले बताए । यसैगरी उच्च ब्रेकरलाई नगद २० हजार रुपैयाँ तथा राइजिङ प्लेयर र अनुशासित खेलाडीलाई नगद ५/५ हजार र स्टीक प्रदान गरिने उनले बताए ।

कार्यक्रममा बुटवल नगर खेलकुद विकास समितिका संयोजक बोनिन पिया, नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य बालकुमारी भण्डारी, कांग्रेस बुटवल नगर उपसभापति ज्योति भण्डारी, नेपाल पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर राना, कांग्रेस युवा नेता मुक्ति पौडेल, संघका बरिष्ठ सल्लाहकार सञ्जयरत्न बज्राचार्य, प्रथम उपाध्यक्ष बासु प्रधान, महासचिव प्रकाश क्षेत्री, खेल संयोजक विजय गुरुङलगायतले बोल्दै रूपन्देही स्नुकर खेलको हबको रूपमा विकास भएको र हरेक वर्ष प्रतियोगिता हुँदा खेलाडीलाई प्रोत्साहन हुने बताए ।

संघको आयोजनामा प्रत्येक वर्ष रुपन्देही जिल्लास्तरीय स्नूकर प्रतियोगिता हुँदै आएको छ भने गतवर्ष बुटवलमा राष्ट्रियस्तरको स्नूकर प्रतियोगितासमेत सफल रुपमा सम्पन्न भएको थियो ।

# देवदहमा चार महिनामा पौने चार करोड राजस्व संकलन




देवदह । देवदह नगरपालिकाले यस आर्थिक वर्षको चौमासिकमा ३ करोड ७५ लाख ५८ हजार राजस्व संकलन गरेको छ । आर्थिक वर्ष २०८२/०८३ को चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरपालिकाले उक्त जानकारी दिएको हो ।

नगरपालिकाले यस चौमासिकमा गरेको प्रगति विवरण प्रस्तुत गर्दै प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौडेलले नगरसभाले यस आर्थिक बर्षमा २१ करोड ८६ लाख आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य लिएको जानकारी दिए ।

प्रमुख प्रशासकीय अधिकृत पौडेलले चौमासिकसम्म चालुतर्फ १४ करोड ५३ लाख ९४ हजार अर्थात् २४ प्रतिशत र पुँजीगततर्फ १९ करोड ९६ लाख ५७ हजार अर्थात् १४.८ प्रतिशत खर्च भएको जानकारी दिए । उनले अहिलेसम्म १ सय ७३ वटा योजनाको उपभोक्ता समिति गठन गरी कार्यान्वयनमा गएको र १४ वटा योजनाको भुक्तानी समेत गरिसकेको जानकारी दिए । उनले देवदह नगरपालिकाले सञ्चालन गरेका विभिन्न स्वास्थ्य संस्थाले ७५ हजार ६ सय ३२ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको बताए ।

कार्यक्रममा बोल्दै देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गले सुशासन कायम गर्न नगरपालिकाको एक्लो प्रयासले मात्र नहुने बताउँदै सबै नागरिक जिम्मेवार बन्नुपर्नेमा जोड दिइन् । उनले विकास निर्माणमा तिनै तहको सरकारबिच समन्वय आवश्यक रहेको बताइन् । उपप्रमुख गुरुङ्गले गुणस्तरीय विकास निर्माणको लागि टोल विकास संस्थाहरुले ध्यान दिन आवश्यक रहेको औंल्याइन् ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पौडेल र नेपाल विद्युत् प्राधिकरणका शसी भण्डारीले उठेका प्रश्नको जवाफ दिएका थिए ।

नगर प्रवक्ता गणेश डुम्रेको स्वागत, रमेश गिरीको सञ्चालनमा भएको कार्यक्रममा सञ्चारकर्मी तिलोचन दहालले सहजीकरण गरेका थिए ।






सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com